## रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ संख्याः ११ प्रकाशित मितिः २०७५/०७/१६

## भाग-२


# महिला समूह/समिति संचालन कार्यविधि, २०७५

रोङ गाउँपालिका
२०७३

# महिला समूह/समिति संचालन कार्यविधि, २०७५

# रोङ गाउँपालिका, इलाम

कार्यपालिकाबाट स्वीकृत मिति :२०७५/०७/१४

**१. प्रस्तावनाः** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ दफा १०२ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाउन सक्नेछ भन्ने व्यवस्था अनुसार रोङ गाउँपालिकाले पारित गरेको रोङ गाउँपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को सामाजिक विकास विषयगत क्षेत्र अर्न्तगत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित लगायतका) सम्बन्धी व्यवस्था, रोङ गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ को परिच्छेद ४ मा अन्य संघसंस्थाबाट समेत कार्य गराउन सकिने भनी भएको व्यवस्थामा सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्थाले कार्यक्रम संचालन गर्न इच्छुक भएमा संचालन गर्न सकिने भनी उल्लेख गरिएको व्यवस्थालाई समेत मध्यनजर गर्दै,

रोङ गाउँपालिकाको बार्षिक बजेट, नीति तथा कार्यक्रममा सामाजिक विकास अर्न्तगत महिला, बालबालिका तथा युवाहरुको संस्थागत रुपमा क्षमता अभिवृद्धि, आयमूलक कार्यक्रममा संलग्न गराउने र महिलाहरुको आर्थिक, सामाजिक विकासको निम्ति विशेष व्यवस्था मिलाउने भनी गरिएको प्रतिवद्धतालाई सार्थक रुप दिन यस गाउँपालिकामा रहेका सम्पूर्ण महिला वर्गको सशक्तिकरण, नेतृत्व विकास गर्दै आर्थिक सबलीकरण गराउन सबै वडाका महिलाहरुलाई संगठित गर्न, महिलाको समग्र विकासका लागि प्रभावकारी रुपमा परिचालन र व्यवस्थापन गर्न बाञ्छनीय भएकोले रोङ गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः** क) कार्यविधिको नाम " **महिला समूह/समिति संचालन कार्यविधि, २०७५**" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

क) महिलाहरुको योजना तथा कार्यक्रम निर्माण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

ख) महिलासंग सम्बन्धित योजना/कार्यक्रमहरु महिला सदस्य र महिला, बालबालिका तथा समाज कल्याण इकाईसँगको समन्वयमा कार्यान्वयन गर्ने ।

ग) लैङ्गिक हिंसा, महिला विरुद्धको हिंसा, घरेलु हिंसा लगायतका हिंसाजन्य क्रियाकलापहरुको न्यूनीकरणका लागि पहलकदमी लिने ।

घ) विपद्मा परेका महिला तथा बालबालिकाहरुको उद्दार गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने ।

ङ) आफ्नो वडामा भएका महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक सशक्तिकरणमा भूमिका निर्वाह गर्ने।

**४. महिला समूह/समिति गठन प्रक्रिया:** महिला समूह/समिति गठन देहाय बमोजिम गरिनेछ ।

क) रोङ गाउँपालिकाले आफ्नो क्षेत्रका ६ वटै वडामा महिलाहरुको आमभेला गरी वडास्तरीय समावेशी महिला समूह गठन गर्न सक्नेछ ।

ख) सम्पूर्ण वडास्तरीय महिला समूह गठन भए पश्चात् उक्त समूहको भेला मार्फत नै गाउँपालिकास्तरीय महिला समिति गठनका लागि कम्तीमा २/२ जना प्रतिनिधि (वडास्तरीय महिला समूह बाहेकका सदस्य) छनौट गर्नुपर्नेछ ।

ग) प्रत्येक वडा मार्फत सिफारिश भई आएका महिला प्रतिनिधिहरुको संलग्नतामा गाउँपालिकास्तरीय महिला समितिको गठन गर्नुपर्नेछ ।

घ) गाउँपालिकास्तरीय महिला समिति सम्पूर्ण वडास्तरीय समूहको छाता संगठनको रुपमा रहनेछ ।

ङ) यस दफा बमोजिम गठित गाउँपालिकास्तरीय महिला समितिको सदस्य-सचिवको रुपमा रही महिला, बालबालिका तथा समाज कल्याण इकाइ प्रमुखले कार्य गर्नेछ ।

**५. महिला समूह/समितिको काम, कर्तव्य र अधिकार:** महिला समूह/समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) योजना तर्जुमा प्रक्रियामा समुदायका महिलाहरुलाई जागरुक बनाई सहभागितामूलक ढंगले योजना तर्जुमा गर्ने ।

ख) महिलाहरुको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक सशक्तिकरणमा सहयोग पुग्ने किसिमका योजनाहरुको छनौट गरी वडा कार्यालयको सिफारिश सहित पेश गर्ने ।

ग) महिला तथा बालबालिकाहरुको हक, अधिकारको क्षेत्रमा पैरवी गर्ने, आवश्यक कार्यक्रमहरुको संचालनका लागि योजना तयार गरी सम्बन्धित निकायमा सिफारिश गर्ने ।

घ) महिलाहरुको योजना तर्जुमा र कार्यान्वयन गर्दा सचेतनामूलक, पूर्वाधार र आयमूलक कार्यक्रमहरु २:३:५ (दुई/तीन/पाँच) को अनुपात हुनेगरी छनौट गरी कार्यान्वयन गर्नुपर्नेछ ।

ङ) निर्वाचित महिला सदस्य, वडासमिति मार्फत संचालित अभियानमा संलग्न भई सहयोग पुऱ्याउने ।

च) महिलाहरुको बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक समन्वय/सहकार्य गर्ने ।

छ) महिला तर्फको योजना संचालनका लागि कार्यालयलाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने ।

ज) सम्बन्धित वडामा सामाजिक क्रियाकलापहरु संचालन गर्न समुदायलाई परिचालन गर्न सहजीकरण गर्ने ।

झ) महिला समूहहरुले महिला, बालबालिकाहरुका समस्या, विवाद समाधानका लागि सम्बन्धित वडा कार्यालयमा सिफारिश गर्नु पर्नेछ ।

ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला दिवस साथै बिभिन्न अभियानहरुलाई सफल बनाउन सक्रियताका साथ संलग्न हुने ।

ट) महिला समूह/समिति सामुदायिक संगठनका रुपमा रही महिलाहरुको क्षेत्रमा क्रियाकलापहरु संचालन गर्ने ।

ठ) यस कार्यविधि अन्तर्गत गठित समूह/समितिका पदाधिकारीलाई वडा तथा गाउँपालिकाले सहजकर्ता तथा स्रोतव्यक्तिका रुपमा प्रयोग गर्न चाहेमा सेवा उपलब्ध गराउनु पर्नेछ ।

ड) यस कार्यविधि अन्तर्गत गठित समूह/समितिले महिलाहरुको क्षमता विकास, आयवृद्धिका लागि अन्य निकाय, संघसंस्थासँग पनि सहकार्य गर्न सक्नेछ ।

**६. महिला समूह/समितिको गठन/पुर्नगठन सम्बन्धी व्यवस्था:** महिला समूह/समितिको गठन/पुर्नगठन सम्बन्धमा देहाय बमोजिम हुनेछ ।

क) महिला समूह/समितिको पुनर्गठन प्रत्येक २ वर्षमा गर्नुपर्नेछ ।

ख) महिलाहरुको आमभेलाबाट महिला समितिका सदस्य तथा नयाँ सदस्यहरु सिफारिश गर्नुपर्नेछ ।

**७. कार्यक्रम सुपरिवेक्षण समिति सम्बन्धी व्यवस्था:** यस कार्यविधि बमोजिम गठित महिला समूह/समिति मार्फत संचालित कार्यक्रमहरुको नियमित सुपरिवेक्षण, सहयोग तथा समन्वयका लागि देहाय बमोजिमको सुपरिवेक्षण समिति गठन हुनेछ ।

१. गाउँपालिका उपाध्यक्ष -संयोजक

२. सम्बन्धित वडाका निर्वाचित महिला सदस्यहरु -सदस्य

३. महिला, बालबालिका तथा समाज कल्याण इकाइ प्रमुख -सदस्य-सचिव

**८. कार्यक्रम सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार:** कार्यक्रम सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) महिला समूह/समितिको नियमित बैठक संचालन भए नभएको सुपरिवेक्षण गर्ने ।

ख) महिला समूह/समितिहरुको क्रियाकलापहरुको सुपरिवेक्षण गरी आवश्यक सहयोग र परामर्श प्रदान गर्ने ।

ग) महिला समूह/ समितिले प्रभावकारी रुपमा कार्य गरेको नपाईएमा सुपरिवेक्षण समितिले विघटनका लागि सिफारिश गर्न सक्नेछ ।

घ) महिला समूह/समितिले कार्यक्रम कार्यान्वयनका चरणमा मितव्ययी, पारदर्शी र सहभागितामूलक प्रक्रियाबाट संचालन भए नभएको सुपरिवेक्षण गर्नुपर्नेछ ।

**९. बैठक संचालन सम्बन्धी व्यवस्था:** महिला समूह/समितिहरुको बैठक संचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) वडास्तरीय महिला समूहको बैठक प्रत्येक २/२ महिनामा बस्नेछ । उक्त बैठकमा सम्बन्धित वडाबाट प्रतिनिधित्व गर्ने गाउँपालिकास्तरीय महिला समिति सदस्यहरु समेत उपस्थित हुनुपर्नेछ ।

ख) महिला समूहको बैठकमा विषय र आवश्यकता अनुसार वडासमितिका सदस्य, महिला सदस्य र दलित महिला सदस्यलाई आमन्त्रण गर्न सकिनेछ ।

ग) गाउँपालिकास्तरीय महिला समितिको बैठक प्रत्येक ३/३ महिनामा गाउँ कार्यपालिकाको कार्यालयमा बस्नेछ । उक्त बैठक संचालन भएको दिन गाउँपालिकाको नियम अनुसार सार्वजनिक यातायात बापतको रकम सदस्यहरुले प्राप्त गर्न सक्नेछन् ।

ठ) महिला समितिको बैठकमा विषय र आवश्यकता अनुसार कार्यपालिका सदस्य तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**१०. महिला तर्फको बजेट कार्यान्वयन सम्बन्धी व्यवस्था:** महिला तर्फको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम हुनेछ ।

क) महिला समूहले वडास्तरीय योजना कार्यान्वयनका लागि कार्यक्रम तयार गरी वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

ख) गाउँपालिकास्तरीय महिला तर्फको बजेट कार्यान्वयनका लागि गाउँपालिकास्तरीय महिला समितिले कार्यक्रम तयार गरी वडासमितिको सिफारिश सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

ग) वडास्तरीय र गाउँपालिकास्तरीय महिलासँग सम्बन्धित योजनाहरु कार्यान्वयन गर्दा एकमुष्ठ कार्यक्रम बनाइ सञ्चालन गर्न सकिनेछ ।

घ) वडास्तरीय कार्यक्रम सम्पन्नताको प्रतिवेदन वडा कार्यालयमा पेश गर्नुपर्नेछ भने गाउँपालिकास्तरीय कार्यक्रम सम्पन्नताको प्रतिवेदन वडासमितिको सिफारिश सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

ङ) उक्त कार्यक्रमहरुको सम्पन्न भएपछिको प्रगति प्रतिवेदनको एकप्रति महिला, बालबालिका तथा समाज कल्याण इकाइमा समेत पेश गर्नुपर्नेछ ।

**११. प्रतिवेदन सम्बन्धी व्यवस्था:** प्रतिवेदन सम्बन्धी व्यवस्था देहाय बमाजिम हुनेछ ।

क) महिला समूह/समितिले संचालन गरेका कार्यक्रम साथै योजना कार्यान्वयन पश्चात सो को नियमित प्रगति प्रतिवेदन बैठकबाट अनुमोदन गराई महिला, बालबालिका तथा समाज कल्याण इकाइमा पेश गर्नुपर्नेछ ।

ख) वडास्तरीय महिला समूह तथा गाउँपालिकास्तरीय महिला समितिले योजना सम्पन्न भएको मितिले १० दिनभित्र सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

**१२. कार्यविधिमा हेरफेर:** गाउँ कार्यपालिका बैठकले यस कार्यविधिमा आवश्यक हेरफेर, थपघट र परिमार्जन गर्न सक्नेछ ।

आज्ञाले,
डिक प्रसाद दाहाल
रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत